जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक ७०    २०७७ साल असोज २२ गते बिहीबार (8 Oct. 2020 Thursday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : काठमाडौँ-तराई/मधेश सडक ... ३ पृष्ठमा : मनसुनजन्य घटना : यस वर्ष ... ३ पृष्ठमा भारतमा कूल संक्रमितका...

# गस्ति टोली चढेको वनको गाडीमाथी तस्करको आक्रमण, २८ थान काठ बरामद





**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

सप्तरीमा विगत केही दिन देखी वन क्षेत्रमा काठ तस्करहरुको रजाई भएको छ। तस्करहरुले मध्य रातमा वन क्षेत्रस्थित विभिन्न रुखहरु कठान गर्दै आइरहेका छन् ।

यसै क्रममा मंगलबार मध्य रातमा जिल्लाको सुरुङ्गा नगरपालिकास्थित उदयपुर-सप्तरी सीमामा रहेको गिद्धे सामुदायिक वन क्षेत्रमा गस्तीमा गएका डिभिजन वन कार्यालय सप्तरीका टोली चढेको गाडीमाथी तस्करहरुले ढुंगामुढा गरि क्षति पुऱ्याएको छ ।

तस्करहरुले गरेको ढुंगामुढाबाट सहायक वन अधिकृत मनोज कर्ण चढेको बा.१झ. ७६२० नम्बरको गाढीमा क्षति पुगेको छ। यद्दपी त्यसमा सवार टोलीका सदस्यहरुलाई भने सामान्य चोट लागेको छ।

उक्त सामुदायिक वन क्षेत्रमा तस्करहरुले काठ काटिरहेको सूचनाको आधारमा सहायक वन अधिकृत मनोज कर्णको नेतृत्वमा एक टोली राती २ बजे पुगेको थियो। जंगलमा पुग्दा तस्करहरुले काठ काटिरहेको र वनको टोली देख्ना साथ भागेका थिए।

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष झाका अनुसार तस्करहरु अन्ध्यारोको फायदा उठाउँदै भागेपछि काटेको काठ लोड गरि फर्कने क्रममा दमौती जंगल क्षेत्रमा लुकेर बसेका तस्करहरुले गाडीमा ढुंगामुढा गरि आक्रमण गरेका हुन्। ढुंगामुढा गरेर अन्ध्यारोमा भागेका उनीहरुको पहिचान तथा खोजी कार्य जारि रहेको डिभिजन वन कार्यालयका प्रमुख झाले बताए।

यता टोलीले उक्त वन क्षेत्रमा काटेर लैजान ठिक पारिएको करिब २३ क्युविफिट २८ थान काठ बरामद गरेर ल्याएको उनले जानकारी दिए।

यसअघि पाँच दिन यता जिल्लाको दौलतपुर तथा बिरेन्द्र बजार वन क्षेत्रमा काठ तस्करीमा संलग्न एक महिलासहित चार जनालाई पक्राउ गरि कारवाही चलाइएको उनले जानकारी दिएका छन्।

कोरोना महामारीकाबीच जिल्लाको वन क्षेत्रमा तस्करी बढ्न लागेपछि आफ्नो तथा सहायक वन अधिकृतको नेतृत्वमा वन सुरक्षा टोली गठन गरि विगत दश दिनदेखी रातीको समयमा वन क्षेत्रमा नियमित गस्ति थालेको डिभिजन वन कार्यालय प्रमुख झाले जानकारी दिए।

# दुई अटोरिक्सा एक आपसमा ठोक्किँदा एकको मृत्यु, तीन घाइते

**दैनिक समाचारदाता**
**सिरहा, २१ असोज ।**

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका ५ महेशबारीमा दुई अटोरिक्सा एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

लहान-ठाडी सहायक सडकखण्डको उक्त क्षेत्रमा दक्षिणबाट उतरतर्फ जाँदै गरेको स.१ह. ३३२० नम्बरको अटोरिक्सा र विपरीत दिशाबाट आउँदै गरेको अनटेस्ट अटोरिक्सा आपसमा ठोक्किँदा स.१ह. ३३२० नम्बरको अटोरिक्सामा सवार एत्र यात्रीको मृत्यु भएको हो ।

मृत्यु हुनेमा सिरहाको भगवानपुर गाउँपालिका १ निवासी २० वर्षीया रञ्जुकुमारी यादव रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते रञ्जुलाई उपचारका लागि ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही अटोरिक्सामा सवार सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका ६ निवासी ६५ वर्षीय मोहम्मद रहमान, ३० वर्षीय मोहम्मद अब्दुला राइन र भगवानपुर गाउँपालिका- १ निवासी ३० वर्षीया पुनम यादव घाइते भएको र उनीहरुको स्थानीय क्लिनिकमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ ।

# चाड पर्व नजिकै जाँदा बजार अनुगमन टोली तात्यो



**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

चाड पर्व नजिकै जाँदा बजार अनुगमन टोली पनि तातिएको छ । कोरोना महामारीको बीचमा अनुगमन टोलीले लामो समयपछि बजार अनुगमन गरेको हो ।

जिल्ला प्रशासन कार्यालय सप्तरी र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयको समन्वयमा खटिएको संयुक्त

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### अनुमगन र सुपथ मुल्य पसल संचालनका लागि चाडपर्व नै कीन ?

चाडपर्व नजिकैजाँदा अहिले मुलुकको विभिन्न स्थानमा बजार अनुगमन समिति सक्रिय भएको छ । चाडपर्वलाई मध्यनजर गर्दै सरकारले बजार अनुगमनदेखी सहलियत दरका खाद्यान्न बिक्रि गर्नका लागि सुपथ मुल्य पसल समेत संचालनमा ल्याएको छ । यसरी सरकारले आफ्नो मातहतमा सुपथ मुल्य पसल चाडपर्वलाई लक्षित गरि संचालनमा ल्याएकोमा जनतालाई थोरै भएपनि राहत हुनेछ ।

तर, सीमित अवधीका लागि मात्र संचालित पसलबाट उपभोक्ताले केही समयका लागि मात्र राहत पाउने हो । यसलाई परिवर्तन गरि सरकारले आफ्नै निगरानीमा कम्तिमा एक जिल्लामा एक सुपथ मुल्य पसल संचालन गर्न सके जनताले वर्ष भरि राहत पाउने देखिन्छ । यता अनुगमन समिति स्थानिय तहसम्म रहेपनि यसको औचित्य चाडपर्वमा मात्र हुने देखिन्छ । कीन भने यस्ता बेला बजारमा बढी चहल पहल तथा व्यापार व्यवसाय बढी चल्ने हुनाले अनुगमन समिति पनि देखाउनका लागि भएपनि अनुगमन गर्ने गरेको छ । अरु बेला समिति कानमा तेल हालेर सुत्ने गरेको छ ।

तसर्थ बजार अनुगमन समितिले कुनै चाडपर्वलाई मात्र लक्षित नगरिकन अन्य समयमा पनि तदारुकताका साथ अनुगमन गर्न सक्षम हुनुपर्दछ भने सुपथ मुल्य पसल पनि संचालनका लागि चाडपर्व नै कुर्नु पर्ने बाध्यता हटाउन आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# काठमाडौँ-तराई/मधेश सडक आयोजना : विकास समितिले माग्यो म्याद थप्नाको कारण

काठमाडौँ, २१ असोज (रासस) ।

प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले काठमाडौँ-तराई/मधेश सडक (एक्सप्रेस) आयोजनाको म्याद एकै पटक पुनः तीन वर्ष थपिनाको कारण तथा आधार स्पष्ट रुपमा समितिमा पेश गर्न सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबारको बैठकले आयोजना शुरु गर्नुपर्दा स्रोत साधनको आकलन गरेर मात्रै राष्ट्रिय गौरवका आयोजना शुरु गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को बैठकलाई निर्देश गरेको छ ।

सो आयोजनामा हाल छनोट भएको अन्तरराष्ट्रिय कम्पनी र निर्माण व्यवसायी कालोसूचीमा परेको भनी सञ्चारमाध्यममा आएको छ । सो विषयमा विस्तृत जानकारी १५ दिनभित्र पठाउन आयोजना कार्यालयलाई भनिएको छ । आयोजना निर्माणको चौमासिक प्रतिवेदन र वार्षिक कार्ययोजनानुसार काम गर्न, गराउन र समितिमा प्रतिवेदन उपलब्ध गराउन आयोजनालाई निर्देशन गरिएको छ । सेनाद्वारा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय प्राथमिकतापूर्ण आयोजनाको अवस्थाका बारेमा समितिलाई सात दिनभित्र जानकारी उपलब्ध गराउन रक्षा मन्त्रालयलाई निर्देशन गरिएको छ ।

रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डेले सो आयोजना विभिन्न किसिमको समस्या समाधान गर्दै अघि बढिरहेको बताउनुभयो । एशियाली विकास बैङ्कले पहिले गरेभन्दा फरक विस्तृत परियोजना प्रतिवेदन बनाउँदा समय लागेको उहाँको भनाइ छ । खोकनामा पहिलेभन्दा 'एलाइमेन्ट' परिवर्तन भएको उहाँले बताउनुभयो । उहाँका अनुसार सो आयोजनामा पहिलेभन्दा पुल, सुरुङ थप्ने र सडकको चौडाइ बढाउने निर्णयका कारण पनि लागत बढेको छ । सेनालाई विकासनिर्माणमा सहभागी गराउने कुरा कानुनसम्मत भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "संविधान र सैनिक ऐनमा पनि यससम्बन्धी व्यवस्था रहेको छ ।"

नेपाली सेनाका रथी प्रभुराम शर्माले आयोजनामा परामर्शदाताका रुपमा छनोट गरिएको कम्पनी सेनाले छनोट गर्दाका समयमा कालोसूचीमा नरहेको बताउनुभयो । सार्वजनिक खरीद ऐनकै आधारमा सबैभन्दा कम मूल्यमा प्रस्ताव गर्ने कम्पनीलाई छनोट गरिएको उहाँको भनाइ छ । खोकनामा बाहिरी चक्रपथ, 'स्मार्ट सिटी' लगायत योजना प्रस्ताव गरिएको भनेकाले छलफल गरिए पनि सम्बन्धित निकायले अहिलेसम्म डिपिआर नभएको बताएका थिए । आयोजनामा जग्गा पर्ने कतिपय जग्गाधनीले अहिले पुनःमूल्याङ्कनको माग गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "फण्डै ७५ प्रतिशतले मुआब्जा लिनुभयो भने बाँकी २५ प्रतिशतको पुनःमूल्याङ्कनको माग छ ।"

काठमाडौँ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना प्रमुख विकास पोखरेलले आगामी एक वर्षमा डिजाइन र ठेक्का सम्झौता भएपछि अर्को वर्षदेखि निर्माणको काम अघि बढाइने बताउनुभयो । देशभर कोभिड-१९ सङ्क्रमण बढिरहँदा आयोजनामा पनि प्रभाव परेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अधिकांश साइट बन्द छन् भने निर्माण भएका प्याकेजमा पनि आंशिक मात्रै निर्माण भएको छ ।"

समिति सभापति कल्याणीकुमारी खड्काले सो आयोजनाका कारण नेपाली सेनाको छवि र मर्यादामा आँच आउन दिन नहुने बताउनुभयो । सो आयोजनामा चार वर्ष थप्नाको आधार र कारणका बारेमा स्पष्ट कुरा नआएको विचार उहाँले राख्नुभयो । कतिपय विषय प्रशासनिक रुपमा पनि अघि बढ्न नसक्दा आयोजनामा ढिलाइ भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यो आयोजनाको डिपिआर नै मन्त्रिपरिषद्मा चारपाँच महिनासम्म अड्किएको थियो ।"

समिति सदस्य गणेशकुमार पहाडीले चार वर्षमा सकिने लक्ष्य लिइएको आयोजना अर्को चार वर्ष थप्दा कुल लागत पनि धेरै बढेको बताउनुभयो । समिति सदस्य रङ्गमती शाहीले थपिएको चार वर्षमा आयोजना सम्पन्न हुने कुरामा अझै पनि विश्वस्त हुने ठाउँ नभएको बताउनुभयो ।

समिति सदस्य यज्ञराज सुनुवारले आयोजनामा राजनीतिक, प्रशासनिक, प्राविधिक र आर्थिक कुन किसिमको समस्या हो भनी पहिचान गरेर सोहीअनुसारको समाधान खोज्नुपर्नेमा जोड दिनुभयो । समिति सदस्य बिनाकुमारी श्रेष्ठले आयोजनामा रुख रोप्नु जत्तिकै रोपिएको रुखको संरक्षण गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

वस्समिति सदस्य बहादुरसिंह लामाले 'एक्सप्रेस वे' भनेपछि उकालोओरालो र घुम्ती मोड केही हुन नहुने तगा धेरै सुरुङ र पुल बनाउनुपर्ने भएकाले आयोजना निर्माण प्राविधिक रुपमा चुनौतीपूर्ण रहेको बताउनुभयो । समिति सदस्य सञ्जयकुमार गौतमले नागरिकले सेनाले गरेपछि राम्रो हुन्छ भन्ने बुझेकाले यसमा ढिलाइ हुँदा छविमा असर पुग्न सक्ने औंल्याउनुभयो ।

समिति सदस्य अनिलकुमार झाले कोभिड-१९ का कारण विदेशबाट धेरै युवा स्वदेश फर्किएकाले उनीहरुलाई विकासनिर्माणमा लगाउन सकिने बताउनुभयो । समिति सदस्य दुर्गा पौडेलले सेनाले वार्षिक कार्ययोजना बनाएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

# सबै प्रकारका परीक्षा गर्न सरकारको सैद्धान्तिक स्वीकृति

काठमाडौँ, २१ असोज (रासस) ।

सरकारले जनस्वास्थ्य एवं सुरक्षासम्बन्धी मापदण्डको पूरा पालना गर्ने गरी यसअघि रोकिएका सबै तह, विषय र प्रकृतिका परीक्षा सञ्चालन गर्न सैद्धान्तिक स्वीकृति दिएको छ । यही असोज १९ गते बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी स्वास्थ्य मापदण्ड पूरा पालना गर्ने गरी परीक्षा सम्बद्ध आयोग, विश्वविद्यालय, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थालाई परीक्षा सञ्चालन गर्न स्वीकृति दिएको हो ।

बैठकले जनस्वास्थ्यका मापदण्ड पालना गरी व्यावसायिक तालीम प्रदायक संस्थालाई २५ जनाभन्दा कम सहभागी हुने छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्न अनुमति दिने निर्णय गरेको सरकारका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो । बैठकले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७५ संशोधन गर्ने तथा मन्त्रिपरिषद्को गत वैशाख १४ गतेको निर्णयबाट स्थगन भएको राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीको पदपूर्तिसम्बन्धी प्रक्रियालाई सञ्चालन गर्ने स्वीकृति दिने निर्णय गरेको छ ।

यस्तै शिक्षक सेवा आयोगका अध्यक्ष र एक महिलासहित अन्य दुई सदस्यको नियुक्तिका लागि सिफारिश गर्न लोकसेवा आयोगका अध्यक्षका अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सदस्य रहेको सिफारिश समिति गठन गर्ने निर्णयसमेत गरेको छ ।

बैठकले कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अध्यक्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा योगेन्द्रकुमार कार्कीलाई तोक्ने र कार्यकारी निर्देशकमा वरिष्ठ कृषि अर्थ विज्ञ विनोदकुमार भट्टराईलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

साउदी अरबको जेद्दामा रहेको राजपत्राङ्कित प्रथम श्रेणी (प्रशासन समूह), सहसचिवस्तरको दरबन्दी चीनस्थित नेपाली महावाणिज्यदूतावास छेन्दुमा स्थानान्तरण गर्ने, राष्ट्रपति कार्यालयको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत २०७७/०७८ का लागि राष्ट्रिय सूचना प्रविधि केन्द्र काठमाडौँका लागि सात र 'डिजास्टर रिकभरी' केन्द्र हेटौँडाका लागि नौसहित १६ तथा विज्ञापन बोर्डको लागि आर्थिक वर्ष २०७७/०७८ का लागि पाँच अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गरिएको छ ।

यसैगरी अवैतनिक वाणिज्यदूतसम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०३९ मा भएको व्यवस्थाबमोजिम केही अवैतनिक महावाणिज्यदूतको पदावधि थप गरिएको छ । इरानको तेहरानमा कार्यरत अवैतनिक महावाणिज्य दूत शाहरम शान्तियाइ, मलेसियाको सेलेङ्गार शहरमा कार्यरत अवैतनिक वाणिज्यदूत तोयो स्वी लेङ, इण्डोनेसियाको जाकार्तामा कार्यरत अवैतनिक वाणिज्यदूत बल्ली सुपुत्र जनो सती, इजरायलको हाइफा र वीरशेभा शहरमा कार्यरत अवैतनिक वाणिज्यदूत क्रमशः निमरड वर्ग र इयान नीरको पदावधि आगामी चार वर्षका लागि थप गर्ने निर्णय गरिएको परराष्ट्रमन्त्री ज्ञवालीले जानकारी दिनुभयो ।

यस्तै अमेरिकाका इलिनोइस, मेरिल्याण्ड र ओहियो शहरमा कार्यरत महावाणिज्यदूत क्रमशः मरभिन ए ब्रस्टिन, प्रेमराजा महत र डा विलियन सी, क्यासेल तथा अमेरिकाकै हवाई र सियाटल शहरमा अवैतनिक वाणिज्यदूतमा कार्यरत क्रमशः मेरी सी क्यारोल र एसी शेर्पाको अवधि आगामी चार वर्षका लागि थप गर्ने निर्णय गरिएको बताइएको छ ।

यसैगरी बेल्जियमको फ्ल्याण्डर्स क्षेत्रमा इन्ग्रिड सेस्टर्स-ल्युटेनलाई आगामी चार वर्षका लागि अवैतनिक नेपाली वाणिज्यदूतमा नियुक्त गर्ने, ग्रीसको एथेन्स शहरमा अवैतनिक वाणिज्यदूतमा कार्यरत इम्मानोइल काराभेलाकिसको पदावधि आगामी चार वर्षलाई थप गर्ने र निजलाई महावाणिज्यदूतमा पदोन्नति गर्ने निर्णय भएको छ । यस्तै लेबनानको बेरुत शहरमा अवैतनिक वाणिज्यदूतमा कार्यरत एलशेख मोहमद वासम गोजायलाई प्रशंसनीय कार्य गर्दै आइरहेकाले महावाणिज्यदूतमा पदोन्नति गर्ने निर्णय भएको छ ।

# मनसुनजन्य घटना : यस वर्ष ठूलो मानवीय क्षति

काठमाडौँ, २१ असोज (रासस) ।

नेपालमा मनसुनजन्य घटनाका कारण यसवर्ष दशककै सबैभन्दा बढी मानवीय क्षति हुन पुगेको छ । कोरोना कहरका बीच आएको भारी वर्षासँगैको बाढी, पहिरो, डुबान र चटयाङले ठूलो मानवीय क्षति गराएको हो ।

गृहमन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार नेपालका ४९ जिल्ला प्राकृतिक विपद्बाट प्रभावित बन्न पुगे । कूल बाढी/पहिराका मात्रै ५८० घटना भए । प्रारम्भिक विवरणअनुसार कूल ५१४ घरमा क्षति पुगेको जनाइएको छ । सरकारले प्रभावितका लागि झण्डै रु सात करोड राहत वितरण गरेको छ । मुख्यगरी भेल पहिराले ठूलो क्षति पुर्‍याएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिनुभयो ।

पहिराले सिन्धुपाल्चोकमा सबैभन्दा बढी क्षति पुर्‍यायो भने बाढीले बाग्लुङमा बढी क्षति गर्‍यो । सिन्धुपाल्चोकमा सबैभन्दा बढी ७२ को मृत्यु भएको छ भने ३९ अझै बेपत्ता छन् । गृहमन्त्रालयले दिएको जानकारीअनुसार यस वर्ष मनसुनजन्य विपद्बाट मुलुकका ४९ जिल्लामा ४०२ ले ज्यान गुमाएका छन्, १०१ जना बेपत्ता रहेका र ४४६ घाइते भएका छन् । प्रारम्भिक प्रतिवेदनअनुसार कूल ५१४ घर क्षति भएको जनाइएको छ ।

त्यसमध्ये पहिराले ठूलो मानवीय क्षति गरायो । वैशाखयता पहिराबाट मात्रै २९५ जनाले ज्यान गुमाए । पहिरामा परेर ६४ बेपत्ता भए भने २२३ जना घाइते भएका छन् । बाढीबाट ४२ को मृत्यु, ३७ बेपत्ता र ११ घाइते भए । यस्तै चटचाङबाट ६५ को मृत्यु र २१२ जना घाइते भएको तथ्याङ्क छ ।

मुख्यगरी गत जेठ ३० बाट नेपालमा मनसुन सक्रिय भएको थियो । अधिकांश घटना मनसुन सक्रिय भएपछि नै भएका छन् । यसपाली यो समयमा औषतभन्दा धेरै वर्षा भएकाले पहिराका घटना बढेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । जेठ ३० पछि अहिलेसम्म विपद्बाट ३६७ को मृत्यु भएको तथा १०० जना हराइरहेका तथ्याङ्क छ । कूल ३२४ जना घाइते भएका छन् । मनसुनपछिको पहिरामा परेर २९३ को मृत्यु, ६४ बेपत्ता र २२२ घाइते भए । बाढीबाट ३९ को मृत्यु, ३६ बेपत्ता र नौ घाइते भए । चटचाङबाट ३५ को मृत्यु र ९३ जना घाइते भएको विवरण छ । विपद् जोखिम व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पानीको निकासमा भएको अवरोध र वातावरणमैत्री विकास हुन नसक्नु नै विपद्जन्य घटनाको प्रमुख कारण रहेको बताउनुहुन्छ ।

जतातत‍ै डोजरको प्रयोग गर्दा त्यसले बाढी/पहिराको जोखिम बढाएको छ । यस्तै एकै ठाउँमा अतिवृष्टि भएकाले पनि कतिपय भेल पहिरो आएको पाइएको भूगर्भविद्को भनाइ छ । प्राधिकरणका प्रमुख पोखरेल पर्वत, सिन्धुपाल्चोकका केही ठाउँ र अन्य केही जिल्लामा छोटो समयमा एकै ठाउँमा धेरै पानी पर्दा डाँडो नै सोहोरिएर भेल पहिरो खसेको बताउनुहुन्छ ।

**गण्डकी प्रदेशमा ठूलो क्षति**

प्राधिकरणबाट प्राप्त विवरणअनुसार यसपाली मनसुनजन्य विपद् (बाढीपहिरो) का कारण सात प्रदेशमध्ये गण्डकी प्रदेशले ठूलो क्षति बेहोरेको छ । उक्त प्रदेशमा बाढी र पहिरामा मात्रै १२२ जनाले अकालमा ज्यान गुमाएका छन् । प्रदेश नं १ र २ बाहेक अन्य प्रदेशमा भने धेरै मानवीय क्षति भएको छ ।

चटचाङका घटनाबाहेक प्रदेश नं १ का झापा, तेह्रथुम, भोजपुर, सङ्खुवासभा धनकुटा, सुनसरी, मोरङ र ताप्लेजुङगमा गरी छ जनाको मृत्यु, १२ बेपत्ता र १५ जना घाइते भएका छन् । विपद्जन्य घटनाबाट १४ घरमा क्षति पुगेको छ ।

यस्तै प्रदेश नं २ मा सर्लाही, धनुषा, रौतहट र सिराहामा विपद्का घटना भएका छन् । विपद्बाट उक्त प्रदेशमा एक बेपत्ता र चार जना घाइते भएका छन् । दुई घरमा क्षति पुगेको जनाइएको छ ।

वाग्मती प्रदेशका सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, दोलखा, मकवानपुर र काभ्रेपलाञ्चोकमा विपद्जन्य घटना भए । सिन्धुपाल्चोकमा मात्रै ७१ जनाको मृत्यु भयो भने अझै ३८ जना बेपत्ता छन् । वाग्मती प्रदेशमा मात्रै ८५ जनाको मृत्यु, ४० बेपत्ता र १९ घाइते भए । कूल १३० बढी घरमा क्षति भएको प्राधिकरण प्रमुख पोखरेलले बताउनुभयो ।

गण्डकी प्रदेशका अधिकांश क्षेत्रमा पहिरो गएर क्षति पुर्‍याएको छ । उक्त प्रदेशका पर्वत, कास्की, गोरखा, तनहुँ, म्याग्दी, नवलपुर, स्याङ्जा, लमजुङ, बाग्लुङ र मुस्ताङमा क्षति पुगेको छ । गण्डकीको सबैभन्दा बढी बाग्लुङमा ३४ जनाले ज्यान गुमाएका छन् भने अझै १७ जना हराइरहेका छन् । त्यसपछि म्याग्दीमा ३१ जनाको मृत्यु भएको छ । उक्त प्रदेशमा कूल १२२ जनाले ज्यान गुमाए । अझै २४ जना हराइरहेका छन् भने ५७ जना घाइते भए । त्यहाँ कूल १८४ घरमा क्षति पुगेको छ ।

लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, रोल्पा, प्यूठानमा गरेर ३२ जनाको मृत्यु, दुई बेपत्ता र १९ जना घाइते भएका छन् । कूल १२ घरमा क्षति पुगेको जनाइएको छ । कर्णाली प्रदेशमा दैलेख, जाजरकोट, सुर्खेत, सल्यान, रुकुमपश्चिम, डोल्पा र कालिकोटमा विपद्जन्य घटना भएका छन् । उक्त प्रदेशमा कूल ५९ ले ज्यान गुमाएका छन् । अझै १२ बेपत्ता रहेका र ३२ जना घाइते भएका छन् । कूल ३८ घरमा क्षति पुगेको जनाइएको छ ।

यस्तै सुदूरपश्चिम प्रदेशका दार्चुला, बझाङ, डोटी, बाजुरा, कैलाली, बैतडी र अछाममा विपद्जन्य घटना भए । उक्त प्रदेशमा ३३ को मृत्यु भयो भने ११ जना हराइरहेका छन् । कूल २८ जना घाइते भएका छन् । त्यहाँ ११२ घरमा क्षति पुगेको जनाइएको छ । प्राधिकरणले अझै विवरण पूर्ण अध्यावधिक हुन बाँकी रहेको जनाएको छ ।

गृहमन्त्री रामबहादुर थापाले भौतिक क्षतिको विवरण अझै धेरै रहेको बताउँदै अध्यावधिक गर्न निर्देशन दिनुभएको छ । गृहमन्त्रालयले अन्य मन्त्रालयलाई क्षतिको विवरण उपलब्ध गराउन १५ दिनको समयसीमासमेत दिएको छ ।

# उपत्यकामा उच्च सतर्कता अपनाउन सरकारको अपिल

काठमाडौँ, २१ असोज (रासस) ।

काठमाडौँ उपत्यकामा कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको औँल्याउँदै सरकारले उच्च सतर्कता अपनाउन उपत्यकावासीमा अपिल गरेको छ ।

यही असोज १९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले मुलुकको अन्य भूभागमा कोरोनाको प्रकोप विस्तारै नियन्त्रणउन्मुख हुँदै गए पनि काठमाडौँ उपत्यका अझै पनि उच्च जोखिम कायम रहेको बताउनुभयो ।

"हाल प्रत्येक दिन देखिने कूल सङ्क्रमितमध्ये आधाभन्दा बढी सङ्क्रमितको सङ्ख्या उपत्यकामा रहेको छ । अहिलेसम्म उपत्यकामा कोरोना सङ्क्रमण नियन्त्रण उन्मुख नदेखिएको हुनाले काठमाडौँवासीले असाध्यै धेरै सतर्कता अपनाउनुपर्ने जरुरी छ", उहाँले भन्नुभयो, "झण्डै ४० लाख बसोबास गर्ने उपत्यकामा यदि सङ्क्रमण अनियन्त्रित भयो भने त्यसले हामीलाई निकै ठूलो जोखिममा पुर्‍याउनसक्ने अवस्था छ ।"

मन्त्री ज्ञवालीले काठमाडौँवासीलाई आफूले सेवा दिँदा वा लिँदा, व्यवसाय सञ्चालन गर्दा वा सहयोग पुर्‍याउँदा, सार्वजनिक यातायात वा निजी सवारीसाधनमा हिँडडुल गर्दा तथा अन्य कुनै प्रकारको गतिविधि गर्दा कोरोनाको उच्च जोखिमलाई ध्यानमा राखेर सतर्कता अपनाउन विशेष आग्रह गर्नुभयो ।

"देशैभर क्रमशः कोरोना सङ्क्रमण घट्दै गरेको अवस्थामा काठमाडौँ उपत्यकाको अवस्था अझै पनि उच्च जोखिममा छ । यो कुरालाई ध्यानमा राख्न सरकारकोतर्फबाट विशेष आग्रह गर्दछु", उहाँले भन्नुभो, "नेपालीको सबैभन्दा ठूलो चाड वडादशैँ नजिकिँदै गरेको अवस्थामा कोरोनाको थप जोखिम बढ्नसक्ने औँल्याउँदै उहाँले स्वस्थ्य आगामी दिनमा पनि यस्ता पर्व मनाउन सकिनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

"दशैँको महत्वपूर्ण पक्ष भनेको पारिवारिक पुनर्मिलन र अग्रजबाट शुभाशिष लिने हो, तर यस्तो अवस्थामा परिवारका ज्येष्ठ सदस्यको स्वास्थ्यमा प्रतिकूल असर पर्नसक्छ । त्यसो हुनाले दशैँ मनाउँदा आफ्ना अभिभावकको सुरक्षा संवेदशनीलतालाई असाध्यै ध्यानमा राख्न जरुरी छ", मन्त्री ज्ञवालीले भन्नुभयो ।

विगतमा जस्तो गाउँगाउँबाट काठमाडौँ ओहोरदोहोर गर्दा सङ्क्रमण फैलने जोखिम उच्च हुने भन्दै उहाँले टेलिफोनमार्फत आर्शिवाद लिन सकिने बताउनुभयो । "परिवारका ज्येष्ठ सदस्य सुरक्षित रहनुभयो भने यस्ता अवसर पटकपटक आउँछन्", उहाँले भन्नुभयो, "तर हाम्रो सानो लापरवाहीले उहाँहरुको स्वास्थ्यमा ठूलो जोखिम बढ्न सक्छ ।"

नेपालमा पछिल्लो समय ६० वर्ष मुनिका व्यक्तिमा कोरोना सङ्क्रमण दर र मृत्युदर तुलनात्मकरुपमा कम देखिएको छ । केही दिनयता नेपालमा कोरोनाका कूल सङ्क्रमितको आधाभन्दा बढी सङ्ख्या काठमाडौँ उपत्यकामा देखिन थालेको छ ।

# सरकारी निवासमा उत्पादन गरी गुर्जो निःशुल्क वितरण

काठमाडौँ, २१ असोज (रासस) ।

मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउने वनस्पति गुर्जोका ९५ हजार बिरुवा एक अभियानकर्मीको सङ्कल्पमा करिब चार महिनाको अवधिमा रोपिएको छ ।

आन्तरिक राजश्व कार्यालय लाहानमा प्रमुख कर अधिकृतका रुपमा कार्यरत कमलबहादुर राजलवटले सरकारी निवासमा लगाएको गुर्जोबाट बिरुवा उत्पादन गरी देशका विभिन्न भागमा रोप्न निःशुल्क उपलब्ध गराउनुभएको हो । गुर्जोको बिरुवा माग भएपछि कार्यालयमा बिदा लिएर देशका विभिन्न भागमा पुर्‍याउने गरेको उहाँले जानकारी दिनुभयो ।

राजधानीमा पनि वाग्मतीलगायत नदी किनारमा गुर्जो रोपणका लागि राजलवटले नै बिरुवा उपलब्ध गराउनुभएको छ । त्रिभुवन विश्वविद्यालयको प्राङ्गण कीर्तिपुर, राष्ट्रिय शहीद तथा शान्ति स्मारक गोकर्णलगायत उपत्यकाका विभिन्न

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा कूल संक्रमितको संख्या ६७ लाख ५७ हजार नाघ्यो

नयाँदिल्ली, २१ असोज (रासस/पीटीआई) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या साढे ६७ लाखभन्दा बढी पुगेको छ ।

सरकारी अधिकारीहरूले बुधबार दिएको जानकारीअनुसार भारतमा अहिलेसम्म ६७ लाख ५७ हजार १३१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

कूल सङ्क्रमितमध्ये ७२ हजार ४९ जना पछिल्लो २४ घण्टामा थपिएको पनि अधिकारीहरूले जनाएका छन् ।

त्यसैगरी कूल सङ्क्रमितमध्ये ५७ लाख ४४ हजार ६९३ जना सङ्क्रमणमुक्त भइसकेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको तथ्याङ्कअनुसार भारतमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरूको दर ८५.०२ प्रतिशत रहेको छ ।

भारतमा कोरोनाका कारण अहिलेसम्म एक लाख चार हजार ५५५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । तीमध्ये ९८६ जनाको पछिल्लो २४ घण्टामा निधन भएको छ ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकास्हरूमध्ये १.५५ प्रतिशतको मात्रै मृत्यु भएको पाइएको छ ।

भारतमा अहिले पनि नौ लाख सात हजार ८८३ जना कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेका छन् ।

प्रदेश अनुसार हेर्दा भारतको महाराष्ट्र प्रदेशमा सबैभन्दा धेरै सङ्क्रमितहरू रहेको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म आठ करोड २२ लाख ७१ हजार ६५४ जनाको कोरोना परीक्षण गरिएको छ ।

### श्रीलङ्कामा कर्फ्यु विस्तार, भेला हुन प्रतिबन्ध

कोलम्बो, २१ असोज (रासस/एपी) ।

श्रीलङ्कामा लगाइँदै आएको कर्फ्युलाई बुधबार थप विस्तार गरिएको छ ।

कोरोनाभाइरसको सङ्क्रमण फैलिँदै गएकाले त्यसलाई थप बढ्न नदिनका लागि कर्फ्यु बढाउँदै लैजाने निर्णय भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

श्रीलङ्कामा पछिल्लो एकै दिनमा ८३० जना सङ्क्रमित थपिएका छन् । श्रीलङ्कामा अहिले १५ सयभन्दा बढी मानिस घरमै क्वारेन्टिनमा बसेका छन् ।

श्रीलङ्कामा हालसम्म कोरोनाभाइरसबाट तीन हजार ७३३ जना सङ्क्रमित भएका छन् । तीमध्ये १३ जनाको मृत्यु भएको छ । त्यसैगरी कूल सङ्क्रमितमध्ये तीन हजार २६६ जना सङ्क्रमणमुक्त भइसकेका छन् ।

यस मुलुकमा कोरोनाभाइरस समुदायस्तरमा फैलिएको आइतबार दुई महिना पुगेको छ । सङ्क्रमित हुनेहरूमा उद्योग धन्दामा काम गर्नेहरू बढी छन् ।

क्वारेन्टिनमा बसेकाहरूलाई पनि कडाइका साथ क्वारेन्टिनसम्बन्धी नियम पालना गर्न सरकारी अधिकारीहरूले आग्रह गरेका छन् । उलङ्घन गर्नेलाई तीन महिनासम्म जेल सजाय हुने व्यवस्था गरिएको छ ।

त्यसैगरी स्वास्थ्य मन्त्रालयले अर्को छुट्टै आदेश जारी गर्दै सार्वजनिक रूपमा भीडभाड नगर्न आग्रह गरेको छ । प्रदर्शनी, भोजभतेर, सभा सम्मेलन, भित्रि तथा बाहिरी समारोह, सांस्कृतिक कार्यक्रमलगायतका भीडभाड हुने गतिविधि गर्न प्रतिबन्ध लगाइएको हो ।

त्यसैगरी प्रहरीले राजधानी कोलम्बोमा कर्फ्यु लगाएको छ । सरकारले यसअघि विद्यालय, विश्वविद्यालय, सार्वजनिक यातायातलगायत सञ्चालनमा रोक लगाउँदै आएको थियो ।

सरकारी अधिकारीहरूले कोरोनाभाइरसको सङ्क्रमण थप फैलिन नदिनका लागि आम नागरिकले सहयोग नगरेमा अनियन्त्रित हुने चेतावनी दिएका छन् । प्रहरी र स्वास्थ्यकर्मीहरूले घर घरमै गएर पनि नियन्त्रण र परीक्षणको काम गरिरहेको जनाइएको छ ।

### युट्युबका प्रिमियम ग्राहकलाई विशेष सुविधा

वासिङटन, २१ असोज (रासस-एएनआई) ।

भिडियो सेयर गर्ने युट्युब प्लेटफर्मले नयाँ सुविधा परीक्षण गर्ने नीति ल्याएको जनाएको छ ।

एक्सडीए-डेभलपर्सका अनुसार परीक्षणका रूपमा यो सुविधा विशिष्ट (प्रिमियम) ग्राहकलाई मात्र उपलब्ध हुनेछ ।

केही छानिएका गुगल प्रयोगकर्ताले यी सुविधाहरू परीक्षण गरिसकेको दी भर्जले जनाएको छ । प्रिमियम ग्राहकले युट्युब प्रयोग गर्दा भिडियो, आवाज, आवाज मार्फत खोजी र अन्य भाषासम्बन्धी फिल्टरहरू प्रयोग गर्न पाउने छन् ।

प्रिमियम सेवा लिन ग्राहकले प्रति महिना करिब १२ अमेरिकी डलर तिर्नु पर्नेछ । ग्राहकले विज्ञापन रहित, पृष्ठभूमिका अन्य सामग्री हटाएर पनि भिडियो हेर्न सक्नेछन् भने युट्युब म्युजिक च्यानलमा समेत अलग पहुँचको सुविधा लिन सक्नेछन् ।

# खडक नगरपालिका एक साताका लागि बन्द

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

सप्तरीको खडक नगरपालिकाका एक कर्मचारीमा कोरोना संक्रमण देखिएपछि नगरपालिकाको कामकाज बन्द गरिएको छ ।

नगर प्रमुख हेमायु हकद्वारा जारि विज्ञप्तिमा कार्यालय तथा मातहत शाखा कार्यालयबाट प्रवाह हुने सम्पूर्ण कार्य एक साताका लागि पूर्ण रुपमा बन्द गरिएको जनाइएको छ ।

यसअघि आइतबार राजगढ गाउँपालिकाका अध्यक्ष र उनका परिवार तथा कृषि शाखाका संयोजक समेतमा कोराना संक्रमण पुष्टि भएपछि गाउँपालिकाले सूचना जारी गरी कार्यालयका कामकाज बन्द गरेको थियो ।

# सात जिल्लामा बढी र तीन जिल्लामा शून्य संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ असोज ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरका ७७ जिल्लामध्ये सात जिल्लामा संक्रमित ५०० बढी तथा तीन जिल्लामा शून्य रहेको जनाएको छ ।

पाँच सयभन्दा बढी संक्रमित रहेका जिल्लामा मोरङ, सुनसरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन र रुपन्देही रहेका छन् । त्यस्तै सङक्रमितको सङ्ख्या शून्य रहेका जिल्लामा मनाङ, मुस्ताङ र सोललुखुम्बु रहेका छन् ।

## चाड पर्व ...

अनुगमन टोलीले राजबिराजस्थित एक दर्जन किराना पसलहरुको अनुगमन गरेको हो ।

अनुगमन क्रममा पसलहरुमा उपभोक्ताले प्रष्ट हेर्ने गरि मूल्य सूची र साईनबोर्ड राखिएको नपाइएको तथा म्याद गुज्रिएका सामग्रीहरु पसलेहरुले राखेको टोलीका संयोजक जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले बताएका छन् ।

राजबिराज बजारका आनन्द किराना पसल, दिपक जनरल स्टोर, गुणानन्द किराना स्टोर, शिव गुरु मिष्ठान भण्डार, माँ शक्ति किराना स्टोर, गौरी किराना पसल, जलपा ट्रेडर्स लगायतको पसलहरुमा अनुगमन गरिएको अनुगमन टोलीका सदस्य खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले जानकारी दिए ।

अनुगनका क्रममा बजारका पसलहरुबाट म्याद गुज्रिएका मसाला, चिउरा, धारा खानेतेल, घ्यू, मिक्स अचार नष्ट गरिएको उपभोक्ता अधिकार मञ्चका सप्तरी अध्यक्ष राजकुमार गुप्ताले जानकारी दिए ।

अनुगमन टोलीमा राजबिराज नगरपालिकाका प्रतिनिधि, सप्तरी उद्योग बाणिज्य संघका सचिव गौरी शंकर साह, उपभोक्ता अधिकार मञ्चका सप्तरी अध्यक्ष राजकुमार गुप्ता, न्यायिक संरक्षण मंचका राम कुमार यादव, घरेलु तथा साना उद्योग कार्यालयका बिरेन्द्र साह, सञ्चाकर्मी, प्रहरी लगायतको सहभागिता रहेको थियो ।

## सरकारी निवासमा ...

नगरपालिकामा गरी करिब २० हजारभन्दा बढी बिरुवा बाँडिसकेको उहाँले राससलाई जानकारी दिनुभयो ।

गुर्जोका बिरुवा बाँडेको स्थानमा धुलो र चियासमेत बाँड्दै कोरोना भाइरससँग जुधिरहेकालाई रोगविरुद्ध प्रतिरोधी क्षमता विकास गर्न पनि सहयोग पुऱ्याउँदै आउनुभएको छ। खाली पेटमा मनतातो पानीमा गुर्जोको धुलो राखेर खाएमा तरो ताजा अनुभव हुने गरेको छ। यसले शरीरभित्र रहेका कीटाणु मारी मानिसलाई स्फूर्ति दिन्छ ।

गुर्जोले मधुमेह, उच्च रक्तचाप, मौसमी रुघाखोकीलगायत रोगका लागि औषधिको काम गर्ने गरेको छ। गर्भवती महिला र पाँच वर्ष मुनिका बालबालिकाका लागि भने गुर्जो सेवन गराउन हुँदैन । आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तोः तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छन् तिनलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने भावनाअनुसार देशव्यापीरुपमा गुर्जो रोपण अभियानलाई तीव्र बनाइएको हो ।

अभियानले कोरोना पोजेटिभ भएकालाई गुर्जोको धुलो वितरण अभियानलाई समेत तीव्र बनाएको छ । गुर्जोको धुलो मनतातो पानीमा मिसाएर एक हप्ता सेवन गर्ने बानी बसाले कोरोना पोजेटिभ भएकामा छिटो निको हुने गरेको जानकारी पनि अभियानकर्मी राजलवटले दिनुभएको छ ।

उपत्यकामा गुर्जोका बिरुवा, धुलो, चियापत्तीलगायत आवश्यक परेमा फेरि लिएर आउने उहाँको प्रतिबद्धता छ । देशभर 'एक घर एक गुर्जो'को बिरुवा रोप्नुपर्ने यो अभियानमा लागेको उहाँको मत छ । राजलवटलाई योग शिक्षक एवं राष्ट्रिय योजना आयोगका सहसचिव किशोर जोशी, जीवन विज्ञानका प्रशिक्षक रामप्रसाद पन्थी, उपत्यकाका विभिन्न स्थानमा सक्रिय सफाई अभियानकर्मी लगायतले गुर्जोका बिरुवा वितरण अभियानमा सहयोग गर्नुभएको जनाइएको छ ।

यस वर्ष मनसुन शुरु भएसँगै कोरोनाबाट बच्न गुर्जोका बिरुवा, धुलो र चिया वितरणमा राजलवटलगायत अभियानकर्मी सक्रिय हुनुभएको हो । कोरोना बढेसँगै लामो समयदेखि हाम्रो घरबारी वरपर यत्तिकै बसिरहेको गुर्जो खोज्नेको सङ्ख्या पनि बढ्न थालेको छ । कोरोनाबाट बच्न गुर्जो उपयोगी हुने चर्चा चल्न थालेपछि धेरैले यसको जोहो गर्न थालेका छन् ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*